**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 31.08.2026**

## सिक्किमका मुख्यमन्त्रीले आज गान्तोकको रिज पार्कबाट सिक्किम फर नेपाल टोलीलाई झण्डा देखाएर प्रस्थान गराए

मुख्यमन्त्री प्रेम सिंह तामाङले आज बिहान गान्तोकको रिज पार्कबाट सिक्किम फर नेपाल नामक ३५ सदस्यीय टोलीलाई झण्डा देखाएर प्रस्थान गराउनु भयो।

टोलीमा विशेषज्ञ डाक्टर र उद्धार स्वयंसेवकहरू साथै तीन ट्रक राहत सामग्रीहरू पनि छन्। मीडियासँग कुरा गर्दै श्री तामाङले भन्नुभयो.... बाइट

मुख्यमन्त्रीले थप भन्नुभयो, हाम्रो प्रार्थना आफ्ना प्रियजनहरू गुमाएका परिवारहरूसँग छ, हाम्रा विचारहरू पीडितहरूसँग छन र हाम्रो हार्दिक ऐक्यबद्धता नेपाली जनतासँग छ किनकि उनीहरूले स्वास्थ्य लाभ र पुनर्निमार्णको कठिन यात्रा शूरू गरिरहेका छन्।

## १३ औं पूर्वोत्तर क्षेत्र शूटिंग च्याम्पियनशिपमा सिक्किमका शूटहरूले राम्रो प्रदर्शन गरे

१३औं पूर्वोत्तर क्षेत्र शूटिंग च्याम्पियनशिप २०२६ हिजो आसामको गुवाहाटीमा सम्पन्न भयो। लक्ष्मण अधिकारीले मास्टर पुरूष १० मिटर एयर पिस्टलमा कांस्य पदक जिते। यो पदक पूर्वोत्तर क्षेत्रीय स्तरमा सिक्किमले जितेको पहिलो पदक हो। सिक्किमकी दुई शूटर अनु छेत्री र छिरिंग याङदेन भुटियाले ६९ औं राष्ट्रिय शूटिङ च्याम्पियनशिप २०२६ का लागि क्वालीफाई गरेकी छन्। छेत्रीले १० मिटर एयर पिस्टल प्रतियोगितामा अनि भुटियाले १० मिटर एयर राइफलमा क्वालीफाई गरिन्। सिक्किमका जम्मा एघार शूटरहरूले क्षेत्रीय च्याम्पियनशिपमा प्रतिस्पर्धा गरे।

## म्याय थाई क्लब च्याम्पियनशिप २०२६ मा सिक्किमले पदक जित्यो

हिजो त्रिपुरामा सम्पन्न पाँच दिने CSD राष्ट्रिटय म्याय थाई क्लब च्याम्पियनशिपमा सिक्किमका चार खेलाडीले पदक जिते।

म्याय थाई थाइल्याण्डको राष्ट्रिय खेलकुद र सांस्कृतिक मार्शल आर्ट हो जसलाई आठ अंगको कला भनेर चिनिन्छ किनभने यसले मुट्ठी कुहिना, घुँडा र शिनको प्रयोग गर्दछ। प्रशिक्षक रोशन राईको नेतृत्वमा मानस प्रधान र नेहा गुरूङले स्वर्ण, प्रियांशु प्रधानले रजत र योगेश राईले कांस्य पदक जिते।

## पर्यटन मन्त्री टीटी भुटियाले युक्सम- टाशीडिंग निर्वाचन क्षेत्रमा नवनिर्मित सडकको निरीक्षण गरे

सिक्किम सरकारका पर्यटन तथा नागरिक उड्डयन मन्त्री छिरिङ थेन्डुप भुटियाले हिजो युक्सम टाशीडिंग निर्वाचन क्षेत्र अन्तर्गत लेथाङ गाउँलाई तोफ्रोक गाउँसँग जोड्ने यस सडकको निरीक्षण गरे।

यस सडकले माथिल्लो लेथाङ र तोफ्रोक गाउँहरूमा आवश्यक सम्पर्क ल्याएको छ, जहाँ पहिले मोटरबाटोको पहुँच थिएन। गाउँलेहरू आधारभूत सुविधाहरू र आवश्यक सेवाहरूका लागि पैदल मार्गमा भर पर्नुपर्थ्यो र लामो दूरी हिँड्नुपर्थ्यो।

श्री भुटियाले गाउँलेहरूलाई उनीहरूको वास्तविक चिन्ता र विकासात्मक आवश्यकताहरूलाई प्राथमिकतामा लिइने आश्वासन दिए।

## सिक्किम गरीब आवास योजना

सिक्किम सरकारले सिक्किम गरीब आवास योजना (SGAY) अन्तर्गत दारामदिन निर्वाचन क्षेत्रका विभिन्न ग्राम पञ्चायत एकाइहरूमा लाभार्थीहरूलाई घरहरू सफलतापूर्वक निर्माण गरी हस्तान्तरण गरेको छ।

SGAY को कार्यान्वयनले मुख्यमन्त्री प्रेम सिंह तामाङको झोपरी मुक्त सिक्किमको दृष्टिकोणलाई प्रतिबिम्बित गर्दछ। यस योजना अन्तर्गत, लाभार्थीहरूलाई नवनिर्मित घरहरू मात्र नभई आरामदायी जीवनयापनका लागि स्क्रिन टेलिभिजन, फर्निचर र अन्य आधारभूत आवश्यकताहरू सहित आवश्यक घरायसी समानहरू पनि प्रदान गरिएको थियो।

## RARI गान्तोकले समयोग परियोजनामा कार्यक्रम सञ्चालन गर्यो

क्षेत्री. आयुर्वेद अनुसन्धान संस्थान, गान्तोकले आज समयोग परियोजना अन्तर्गत एक कार्यक्रम सञ्चालन गर्यो। समयोग परियोजना आयुष मन्त्रालयको एक प्रमुख राष्ट्रिय अभियान हो जसले प्रमाण- आधारित योग अभ्यासहरूलाई आधुनिक स्वास्थ्य सेवा प्रणालीहरूमा एकीकृत गर्दछ।

कार्यक्रमको क्रममा समयोग परियोजनाको उद्देश्य र शारीरिक तथा मानसिक कल्याण प्रवर्द्धनमा योग र ध्यानको भूमिकाको बारेमा छलफल गरियो। यसले समग्र स्वास्थ्य सेवा प्रवर्द्धन गर्न र बिरामी हेरचाह सुधार गर्न आयुर्वेद, योग र ध्यान अभ्यासहरू बीचको सहकार्यको महत्वलाई प्रकाश पार्यो।

## मेरो रूख मेरो संतति

राबोङ्ला टेरिटोरियल रेन्जले राज्य सरकारको मेरो रूख मेरो संतति (MRMS) योजना अन्तर्गत गोल्टा, राबोङमा वृक्षारोपण अभियान सञ्चालन गर्यो।पहलको क्रममा ओखर , गुराँस र कौली प्रजातिका ८,००० भन्दा बढी बिरूवा रोपिएको थियो। वृक्षारोपण गतिविधिले MRMS योजना अन्तर्गत लगभग ८० नवजात शिशुहरूको दर्ता गर्यो।